# विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को बार्षिक समीक्षा गोष्ठि प्रतिवेदनको सारांश

विराटनगर महानगरपालिकाका प्रमुख श्री भीम पराजुलीको अध्यक्षतामा मिति २०७८ साल कार्तिक २६ गते भएको बार्षिक समीक्षा गोष्ठिमा विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका ९ वटा महाशाखा र मझौला शहरको एकिकृत शहरी वातावरणीय परियोजना र क्षेत्रिय शहरी विकास परियोजनाबाट आर्थिक वर्ष २०७७।०७८ मा सम्पादन गरेका कार्य प्रगतिहरुको बार्षिक समीक्षा भयो । आर्थिक वर्ष २०७७।०७८ मा कुल आय रु ४२५१४६०३१८ अनुमान गरिएकोमा रु २४६७०५२६२० (५८ प्रतिशत) मात्र आय भएको ।यसै गरि आन्तरिक आय रु ९५७५५४८५१ अनुमान गरिएकोमा रु ४४४२१६३१८ ( ४६ प्रतिशत मात्र ) आय भयो । कुल रु ४२५१४६०३१८ को व्यय अनुमान गरिएकोमा रु १९६८२०४६७३ मात्र यथार्थ खर्च भएको प्रस्तुती भयो । यथार्थ खर्च मध्ये चालु खर्च रु १७४६५२१२१४ अनुमान गरिएकोमा रु १०६३२९६५५७ ( ६० प्रतिशत मात्र) खर्च भएको छ । पुँजीगत खर्च रु २४४४९३९१०४ अनुमान गरिएको मा यथार्थ रु ८६१८९००१५ ( ३५ प्रतिशत मात्र) खर्च भएको छ ।

आर्थिक वर्ष २०७७।०७८ मा वडागत बजेटको खर्च हेर्दा सवै भन्दा वढी वडा न ३ बाट ४२.८६ प्रतिशत र सवैभन्दा कम वडा न १३ ले ९.८९ प्रतिशत मात्र खर्च गरि कुल वडाको खर्च २३.७५ मात्र रहेको छ ।

समीक्षा गोष्ठिका मुख्य निष्कर्षहरु देहाय वमोजिम रहेको छ ।

**सवल पक्ष**

जनप्रतिनिधीहरु निर्वाचित भए पश्चात पहिलो बार्षिक समीक्षा गोष्ठि भएको हुदाँ प्रतिवेदन प्रस्तुतकर्ता तथा सहभागिहरु उत्साहित रहेको । समीक्षा गोष्ठीमा त्रिभुवन विश्वविधालयका उप प्राध्यापकबाट प्रस्तुती भएका प्रतिवेदनमाथि समीक्षा गरि टिप्पणी भएको । सवै महाशाखाबाट भएको प्रतिवेदन प्रस्तुतिकरणको ढाचाँमा एकरुपता भएको र सवै प्रस्तुतिलाइ समयावधि तोकिएको । दरवन्दी अनुसार कर्मचारीहरु अपुग भएको भएता पनि उपलब्ध कर्मचारीहरुबाट सन्तोषजनक कार्य भएको । शिक्षक दरवन्दी मिलान गरिएको छ । महानगर वहुप्राविधिक शिक्षालयको स्थापना भइ १२५ जना विधार्थीहरुले नियमित पठनपाठन गरिरहेको १० वटा नमुना विधालयहरुको पुर्वाधार विकासमा उल्लेख्य लगानी भएकोछ । स्थानीय पाठयक्रम (कक्षा १-५) निर्माण भएको । विधालयहरुमा भौतिक सुविधा विस्तार अर्न्तगत भवन, पुस्तकालय, विज्ञान प्रयोगशाला, शौचालय, खानेपानी ICT को विस्तार भएको । विधालयहरुको लेखा परिक्षण तथा अनुगमन भैरहेको छ । विरेन्द्र सभा गृहको Renovate

भइरहेको र प्रधानमन्त्री पार्क र महानगरको मुख्य प्रशासनिक भवनको डिपिआर तयार भैरहेको र विराट राजाको दरवारको समेत डिपिआर तयार भैसकेको गरिव सुकुम्वासी १४५ परिवारका लागि वडा न १२ मा महानगर आवास कार्यक्रम अन्तर्गत निजहरुले खरिद गरेको जग्गामा विराटनगर महानगरपालिका¸जीवन विकास समाज¸ ह्याविट्याट नेपाल तथा प्रदेश सभा सदस्य श्री केदार कार्कीको संयुक्त लगानीमा घरहरु निर्माण कार्य भइरहेको । अनलाइन पोर्टलको माध्यमबाट राजस्व संकलन गर्ने कार्यको शुरुवात भएकोछ । फोहोरमैला व्यवस्थापनको दिर्धकालिन समस्या समाधानका लागि लेण्डफिल साईट जग्गा खरिद प्रक्रिया भईरहेको र दैनिक रुपमा फोहोर व्यवस्थापन गर्न नयाँ सेवा प्रदायक संस्था छनौट प्रक्रिया भएको । सुरक्षित नागरिक आवास कार्यक्रमका लागि रु ३० हजारका दरले ५८३ परिवारलाइ पहिलो किस्ता भुत्तानि भएको । वातावरण प्रदुषण गर्ने उधोग कलकारखानाहरुको नियमित अनुगमन भै नियमन गरिरहेको । विपद व्यवस्थापनका लागि आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना भएको ।विपद् पिडितहरुका लागि खाधान्न, दाउरा, लता कपडा सहयोग भएको । बारुणयन्त्रबाट महानगरपालिका भित्र ५० वटा र अन्य पालिकाहरुमा ६५ वटा आगलागिका घटनामा आगो नियन्त्रण गरेको । कोभिड महामारीलाइ नियन्त्रण गर्नका लागि कोशी अस्पतालमा पिसिआर मेशीन सहयोग, नागरिक केयर सेन्टर स्थापनामा सहयोग, विभिन्न संघसंस्थालाइ माक्स तथा सेनिटाइजर सहयोग, पिसीआर स्वाव संकलन, कन्ट्रयाक ट्रेसिङ, आइसोलेसन सेन्टर व्यवस्थापन, अक्सीजन सिलिण्डर सहयोग, एम्बुलेन्स सेवा तथा घरमै गएर स्वाव संकलन गरेको । १८४७ वटा घरमा सिवर हाउस कनेक्सन चेम्वर निर्माण भई water Treatment Plant मा कनेक्ट गरिएको छ । छोरी बचाउ छोरी पढाउ अभियान सञ्चालन भइ रहेको तथा गर्भवति तथा सुत्केरी महिलाहरुका लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन भैरहेको छ । सक्रमणजन्य रोगको रोकथामका लागि सिमा नाका रानीमा हेल्थडेक्स स्थापना भै सञ्चालन भएको । सवै वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्र मार्फत सेवा पुरयाईएको । सहकारी सम्बन्धी ऐन, कानुन बनाई कार्यान्वयनमा ल्याईएको, नियमित र सघन अनुगमन गरि संस्थागत सुशासन कायम भईरहेको । कृषिलाई व्यवसायिकरण, आधुनिकीकरण र यान्त्रीकरण गर्ने कार्यमा अनुदान प्रदान गरिएको छ ।व्यवसायिक पशुपालन अभिवृदि गर्नका लागि समुह गठन र सञ्चालनमा जोड दिइएको । नियमित बजार अनुगमन मार्फत स्वस्थ्य बजार सुनिश्चितताका लागि निरन्तर प्रयास भएको ।साझेदारीमा खुल्ला जीम निर्माण भएको । राष्ट्रिय कलाकारको समेत सहभागितामा मानव सेवा आश्रमको भवन निर्माणका लागि वृहत कार्यक्रम आयोजना गरि ५५ कोठा निर्माणको रकम सुनिश्चित गरिएको साथै ५० जना सडक मानवहरुलाई उदार गरि मानव सेवा आश्रम राखिएको ।

वरिष्ठ भाषाविद बालकृष्ण पोखरेलको स्मृतिग्रन्थको लेखन शुरुवात भएको । सहज र सरल रुपमा अपाङ्गता परिचयपत्र वितरण सेवालाई घरदैलोमा पुरयाईएको । विराटनगरका छ जना प्रजातन्त्रका सेनानीहरुलाई सम्मान स्वरुप मासिक रु २५०० का दरले भत्ता उपलब्ध गराईरहेको । आफै बालविवाह गर्ने ६ जोडीलाई परामर्श गरि परिवार पुर्नस्थापनामा सहयोग गरेको । सुरक्षित मर्यादित वैदेशिक रोजगारका लागि जाने सम्भावितहरुका लागि जिल्ला प्रशासन कार्यालयको हाताभित्र विराटनगर महानगरपालिका बाट सुचना केन्द्र सञ्चालन गरिएको । न्यायिक समितिमा पेश भएका मध्ये ८० प्रतिशत विवादहरुको फैसला र निर्णय भई सोको ९० प्रतिशत कार्यान्वयन भएको ।दश लाख सम्मका योजनाहरु वडाबाटै सम्झौता गर्ने गरि (वडा न १-१२) अधिकार प्रत्यायोजन गरि कार्यान्वयन गरिएको ।
आठौ नगरसभालाई संसदीय परम्परा अनुसार उदाहरणीय रुपमा सञ्चालन गरिएको ।सडक तथा पेटीमा रहेका अव्यवस्थित हाटबजार, ट्राफिक व्यवस्थापन, छाडा चौपाया नियन्त्रण, सडकमा रात विताउने मानव, बाढी पिडितहरुको उदार, राहत वितरण तथा कोभिड नियन्त्रणमा नगर प्रहरीबाट निरन्तर कार्य भईरहेको ।

**समस्या तथा सुधार गर्नुपर्ने पक्षः**

पुँजीगत खर्च न्युन हुनु (३५ प्रतिशत मात्र) । आन्तरिक आय लक्ष्य अनुसार नहुनु (४६ प्रतिशत मात्र) । अनुगमन प्रणालीलाई सुचकमा आधारित बनाउन नसकिएको । प्रशासनिक भवनमा सवै महाशाखाहरु सञ्चालन गर्न पर्याप्तता नहुदाँ भवन भाडा लिई सेवाग्राहिलाई समेत असहज परेको साथै खर्च बढेको । विधमान दरवन्दी अनुसार पद अनुसारको दक्ष र अनुभवि कर्मचारी अपुग भएको । जनस्वास्थ्यका कर्मचारीहरुका लागि प्रशासनिक खर्च बढेको । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक आयोजनासँग जोडन नसक्दा बजेट प्राय फ्रिज भएको । संविधानको अनुसुची ८ वमोजिक एकल अधिकार सुचीका काम गर्न आवश्यकता अनुसारका कानुनहरु निर्माण गर्न नसकेको । वेरुजुको वृदि दर अधिक हुदाँ वेरुजुको आकार ठुलो भएको । संगठन र व्यवस्थापन सर्वेक्षण O&M Survey हुन नसकेको । कोभिड १९ को विषम परिस्थितीले लक्ष्य अनुसार आन्तरिक आय हुन नसकेको साथै योजना तथा कार्यक्रम सञ्चालन गर्न प्रतिकुल असर परेको ।

**सुझाव तथा मार्गदर्शन**

कर्मचारी साङ्‌ठानिक संरचना तयार गरि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने । वेरुजु फरछ्यौटलाई प्राथमिकतामा राखि आर्थिक प्रशासन महाशाखा लगायत सवै महाशाखा तथा शाखाहरुले तदारुकता दिनुपर्ने । कार्यक्रम तथा योजना कार्यान्वयनका लागि सवै महाशाखा तथा वडा कार्यालयहरुले अनिवार्य कार्ययोजना तयार गरि लागु गर्ने, कार्य सम्पादन व्यवस्थापन विधीको समेत प्रयोग मार्फत नीति तथा कार्यक्रममा सुदृढीकरण गर्ने । विकास निर्माणमा सक्रिय जनसहभागिता बढाउने । संस्थागत सक्षमता भएका विषयमा वाह्य सेवा नलिने । आन्तरिक आय बढाउनका लागि कर शिक्षा र घरदैलो अभियान सञ्चालन गर्ने र ठुला करदाताहरुको राजस्व संकलन गर्नु अगाडी महानगरपालिकाबाट पुर्व मुल्यांकन गर्ने । सार्वजनिक सम्पतिहरुको अभिलेख राख्ने । कर्मचारी र जनप्रतिनिधीहरुका लागि क्षमता विकास तालिम तथा अध्ययन अवलोकन गराउने, कर्मचारी व्यवस्थापनमा योग्यता प्रणालीको पुर्णरुपमा कार्यान्वयन गर्ने, साथै कार्यसम्पादन मुल्यांकनलाई वहुउपयोगि बनाउने । महानगरपालिकामा रहेका सवै महाशाखा र शाखा विच अन्तर समन्वय हुनुपर्ने । कर्मचारी अन्तरघुलनका लागि रणनिती बनाई लागु गर्ने । चौमासिक कार्ययोजना तयार गरि पुजीगत खर्च बढाउने साथै उपभोक्ता समितिलाई क्षमता विकास तालिम दिने । अनुगमन कार्यलाई प्रभावकारी बनाउन साधन स्रोत सम्पन्न बनाउने । कन्टीजेन्सी योजना तयार गरेर मात्र खर्च गर्नु पर्ने । सार्वजनिक खरिद इकाईलाई थप क्रियाशील बनाउने । आवश्यक कानुन निर्माण गर्ने र मौजुदा कानुनलाई अधावधिक गरि कार्यान्वयन गर्ने । विभिन्न संघसंस्था मार्फत सञ्चालन भएका कार्यक्रमको उपलब्धीलाई सुचकका आधारमा अनुगमन गर्ने । महामारी र विपदजन्य कार्यको पुर्व तयारी तथा प्रतिकार्यका लागि संस्थागत सुदृढीकरण गर्नुपर्ने । विधालयलाई तिन समुहकृत गरि सुपरिवेक्षकको व्यवस्थापन गर्ने । वहुवर्षिय योजना तथा कार्यक्रमहरु बाहेक अन्य योजना तथा कार्यक्रमलाई अर्को आवमा अ.ल्या. नगरि सोहि आ.व.मा सम्पन्न गर्ने, सम्पन्न हुन नसके बजेट फ्रिज गर्ने ।